# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, मंसीर ८ गते २०३८ साल (संख्या ३२

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको

#### सूचना

मर्स्याङ्दी जलविद्युत् विकास समिति (गठन) आदेश, २०३८

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "मर्स्याङ्दी जलविद्युत् विकास समिति (गठन) आदेश, २०३८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत मर्स्याङ्दी जलविद्युत् परियोजना सम्झनु-पर्छ ।

३. समितिको गठनः (१) मर्स्याङ्दी जलविद्युत् विकास समिति (यसपछि "समिति" भनिएको नामको) एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:—

(क) माननीय जलस्रोत मन्त्री— अध्यक्ष

(ख) माननीय जलस्रोत सहायक मन्त्री— उपाध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सचिव, जलस्रोत मन्त्रालय– सदस्य
(घ) प्रतिनिधि, अर्थ मन्त्रालय (सह-सचिव स्तर)– सदस्य
(ङ) प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय (सह-सचिव स्तर)–सदस्य
(च) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय (सह-सचिव स्तर)– सदस्य
(छ) महाप्रबन्धक, नेपाल विद्युत् कर्पोरेशन- सदस्य
(ज) चीफ इन्जिनीयर, विद्युत् विभाग- सदस्य
(झ) परियोजना प्रमुख, मर्स्याङ्दी जलविद्युत् परियोजना–सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) श्री ५ को सरकार र विदेशी सरकार वा संस्थाको बीचमा भएको सम्झौताबमोजिम परियोजना संचालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायको कार्यहरू गर्न सक्नेछः–

(क) परियोजनाको सर्भेक्षण, रूपांकन (डिजाइन) र लगत तयार गर्ने ।
(ख) परियोजना संचालन गर्नको लागि श्री ५ को सरकार र विदेशी सरकार वा संस्थाबीचको ऋण वा अनुदानसम्बन्धी सम्झौता र सोसित संलग्न सहायक पत्रहरूमा उल्लिखित कामहरू गर्ने ।
(ग) परियोजनाको संचालनको सम्बन्धमा नीति निर्धारण गर्ने र कार्यान्वियनमा रेखदेख पुऱ्याउने ।
(घ) परियोजनाको संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरू नियुक्ति गर्ने तथा कर्मचारीहरूलाई आवश्यक तालीमको व्यवस्था गर्ने ।
(ङ) परियोजनाको कार्यप्रगतिको वार्षिक प्रतिवेदन श्री ५ को सरका समक्ष पेश गर्ने ।
(च) परियोजना कार्यान्वनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्न सक्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत विदेशी सरकार वा संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब-किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समिति वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्यसञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत कारवाई गर्ने र समितिमा पेश गर्ने विषयहरू विभागीय प्रमुखको सहमति लिई पेश गर्नु पर्नेछ ।

११. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ ।

आज्ञाले–
पशुपतिप्रताप शाह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।